## इजाजतपत्रवाला संस्था र अभिमुखीकरण तालिमप्रदायक संस्थाको अनुगमन सम्वन्धी कार्यविधि,२०७३

नेपाली कामदारलाई वैदेशिक रोजगारीमा पठाउने इजाजतपत्रवाला संस्था, त्यसका शाखा, एजेन्ट प्रतिनीधी (एजेन्ट) र अभिमुखीकरण तालिमप्रदायक संस्थाको काम कारवाहीलाई नियमित, पारदर्शी एवं जिम्मेवार बनाउनका लागि आवश्यक भएकाले नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क. को उपनियम (२) बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "इजाजतपत्रवाला र तालिमप्रदायक संस्थाको अनुगमन सम्वन्धी कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा :-

(क) **'ऐन'** भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनुपर्छ,

(ख) **'नियमावली'** भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनुपर्छ,

(ग) **'मन्त्रालय'** भन्नाले श्रम तथा रोजगार मन्त्रालय सम्झनुपर्छ,

(घ) **'विभाग'** भन्नाले बैदेशिक रोजगार विभाग सम्झनुपर्छ,

(ङ) **'बोर्ड '** भन्नाले बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड सम्झनुपर्छ,

(च) **'कार्यालय'** भन्नाले विभाग अन्तर्गतका कार्यालय सम्झनुपर्छ र सो शव्दले शाखा कार्यालय समेतलाई जनाउँछ,

(छ) **'शाखा'** भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७४ बमोजिम इजाजतपत्रवालाले विभागबाट स्वीकृति लिई खोलिएका शाखा सम्झनुपर्छ,

(ज) **'एजेन्ट (प्रतिनिधि)'** भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७४ बमोजिम इजाजतपत्रवालाले विभागबाट स्वीकृति लिई नियुक्त गरेको प्रतिनिधि (एजेन्ट) सम्झनुपर्छ,

(झ) **'पूर्वस्वीकृति'** भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १५ बमोजिम इजाजतपत्रवालालाई दिईएको पूर्वस्वीकृति सम्झनुपर्छ,

(ञ) **'श्रम स्वीकृति'** भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १९ बमोजिम दिने श्रम स्वीकृतिको निस्सा (स्टिकर) सहितको श्रम स्वीकृति सम्झनुपर्छ,

(ट) **'अभिमुखीकरण तालिम'** भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २० अनुसार दिइने अभिमुखीकरण तालिम सम्झनुपर्छ,

(ठ) **'तालिमप्रदायक संस्था'** भन्नाले अभिमुखीकरण तालिम दिनका लागि विभागबाट स्वीकृत प्राप्त अभिमुखीकरण तालिमप्रदायक संस्था सम्झनुपर्छ,

(ड) **'कार्यविधि'** भन्नाले इजाजतपत्रवाला र तालिमप्रदायक संस्थाको अनुगमन सम्वन्धी कार्यविधि, २०७३ लाई सम्झनुपर्छ,

(ढ) **'बैदेशिक रोजागर व्यवसायसँग सम्वन्धित संस्था'** भन्नाले इजाजतपत्रवाला त्यसको कार्यालय, प्रतिनिधि (एजेन्ट) तथा तालिमप्रदायक संस्था समेतलाई सम्झनुपर्छ,

(ण) **'इजाजतपत्रवाला'** भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिमको इजाजतपत्र प्राप्त संस्था सम्झनुपर्छ ।

३. **आधारभूत मार्गदर्शन** : बैदेशिक रोजगार व्यवसायसँग सम्वन्धित संस्थाले छनौट, भर्ना लगायतका आफ्ना काम कारवाही संचालन गर्दा तथा कामदार र तिनका परिवारका सदस्यलाई सेवा वा सुविधा प्रदान गर्दा देहायका बुँदालाई आधारभूत मार्गदर्शनका रुपमा अंगीकार गर्नुपर्नेछ :-

(क) आप्रवासी कामदारहरु तथा तिनका परिवारका सदस्यहरुको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० मा अन्तरनिहित अधिकारहरुको संरक्षण गर्ने,

(ख) मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र, १९४८ मा अन्तरनिहित मानव अधिकारका मूल्य र मान्यतालाई आत्मसात गर्ने,

(ग) कामदारहरुको छनौट प्रक्रियामा पारदर्शिता तथा निष्पक्षताका आधारभूत सिद्धान्तलाई परिपालन गर्ने,

(घ) कामदारहरुको छनौट तथा भर्ना लगायतका अन्य सेवा सुविधा प्रदान गर्दा प्रचलित कानून वमोजिम गरिने आरक्षण वाहेक जात, जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, विचार, भौगोलिक वा सामाजिक उत्पत्ति लगायतका कुनै कारणबाट कुनै किसिमको भेदभाव नगर्ने,

(ङ) कामदार तथा तिनका परिवारप्रति सद्भाव एवं सम्मानजनक व्यवहार गर्ने र आप्रवासी कामदारहरुले विप्रेषणबाट पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्ने,

(च) कामदार र तिनको सेवाको सुरक्षा, सुविधा, उद्धार र हकहितको संरक्षण र प्रवर्द्धन गर्ने, र

(छ) ऐन, नियम र वैदेशिक रोजगार नीतिका र मन्त्रालयबाट जारी गरिएका नीतिगत निर्णय, निर्देशिका र कार्यविधिमा उल्लेखित व्यवस्था अनुकूल हुने गरी कार्य गर्ने ।

## परिच्छेद - २
## अनुगमन कार्यको व्यवस्थापन

४. **अनुगमनको किसिम** : (१) ऐन, नियमावली र सो बमोजिम दिइएको निर्देशनको पालना गरे नगरेको सम्बन्धमा बैदेशिक रोजगार व्यवसायसँग सम्वन्धित संस्थाको अनुगमन देहाय बमोजिम गर्न सकिनेछ :-

(क) नियमित अनुगमन,

(ख) आकस्मिक अनुगमन, र

(ग) विशेष अनुगमन ।

(२) ऐन, नियमावली, र कार्यविधि बमोजिम बैदेशिक रोजगार व्यवसायसँग सम्वन्धित संस्थाले सम्पादन गर्ने काम कारवाहीको नियमित अनुगमन गर्नु पर्नेछ ।

(३) बैदेशिक रोजगार व्यवसायसँग सम्वन्धित संस्थाले सम्पादन गर्ने कार्यहरुवारे कुनै खास इजाजतपत्रवाला वा शाखा वा प्रतिनिधि (एजेन्ट) वा तालिमप्रदायक संस्थाको समग्र क्रियाकलाप वा कुनै खास विषयवस्तुका सम्बन्धमा आकस्मिक अनुगमन गर्न सकिनेछ ।

(४) बैदेशिक रोजगार व्यवसायसँग सम्वन्धित संस्थाले सम्पादन गरेका वा सम्पादन गर्ने कार्यहरु मध्ये कुनै विषयमा उजुरी, गुनासा, सरोकारवालाको सूचना वा सरकारी निकायको अनुरोध, निर्देशन वा आदेश वा सार्वजनिक संचार माध्ययमबाट सार्वजनिक भएका सूचनाका आधारमा ती संस्थाहरुको विशेष अनुगमन गर्न सकिनेछ ।

५. **अनुगमन निर्देशन समिति** : (१) अनुगमन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन, प्रक्रियागत एकरुपता कायम गर्न र समन्वय तथा नीतिगत व्यवस्थाका लागि सिफारिश गर्न देहाय वमोजिमको एक अनुगमन निर्देशन समिति रहनेछ :-

(क) महानिर्देशक, विभाग - संयोजक

(ख) प्रमुख, काठमाण्डौ कार्यालय, - सदस्य

(ग) कार्यकारी निर्देशक, वोर्ड - सदस्य

(घ) शाखा प्रमुख, बैदेशिक रोजगार तथा श्रम सहचारी शाखा, मन्त्रालय - सदस्य

(ङ) निर्देशक, अनुगमन शाखा विभाग - सदस्य सचिव

(२) अनुगमन निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :–

(क) यस कार्यविधि बमोजिम अनुगमन भए नभएको सम्बन्धमा निगरानी राख्ने, सुपरीवेक्षण गर्ने र निर्देशन गर्ने,

(ख) अनुगमन वा सुपरीवेक्षणका क्रममा कुनै बाधा अड्चन परेमा त्यसको समाधान गर्ने,

(ग) अनुगमन प्रतिवेदनका आधारमा संस्थाहरुलाई गरिने कारवाही सम्बन्धमा विभागलाई सिफारिश गर्ने,

(घ) अनुगमन निरीक्षणको कार्यलाई थप प्रभावकारी बनाउन नीतिगत एवं प्रक्रियागत सुधारका लागि सिफारिश गर्ने, र

(ङ) आवश्यकता अनुसार इजाजतपत्रवाला संस्था, शाखा, एजेन्ट र तालिम प्रदायक संस्थाको अनुगमन निरीक्षण गरी सुझाव दिने वा विभागलाई सिफारिस गर्ने ।

(३) अनुगमन निर्देशन समितिले बैठक लगायतका अन्य विषयमा आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(४) अनुगमन निर्देशन समितिको बैठकमा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ र बैठकमा सहभागी व्यक्तिलाई नियम अनुसारको बैठक भत्ता प्राप्त हुनेछ ।

६. **स्थानीय स्तरमा अनुगमन** : (१) काठमाडौं उपत्यका बाहिर रहेका इजाजतपत्रवाला संस्था, शाखा, प्रतिनिधि र तालिमप्रदायक संस्थाहरु एवं तिनको कामकारवाहीको अनुगमन र सुपरीवेक्षणका लागि यस कार्यविधिको दफा ५ बमोजिमको समितिले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम अनुगमन गर्न जिल्ला स्थित सरकारी कार्यालय वा अधिकृतको सहयोग लिन सक्नेछ ।

## परिच्छेद - ३
## इजाजतपत्रवालाको अनुगमन

७. **इजाजतपत्रवालाको कामदार सम्बन्धी अनुगमन** : वैदेशिक रोजगार व्यवसाय संचालन सम्बन्धी अनुगमन देहायका आधारमा गरिनेछ :–

(क) ऐनको दफा ३ को उपदफा (१) बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मुलुकमा वा सो बाहेकको मुलुकमा कामदार पठाइएको छ छैन वा सो बाहेकका मुलुकमा कामदार पठाएको छ छैन,

(ख) नेपाल सरकारले दफा ३ को उपदफा (२) वमोजिम कुनै खास समयका लागि स्थगन गरेको मुलुकमा कामदार पठाएको छ छैन,

(ग) ऐनको दफा ५ बमोजिम नेपाल सरकारबाट कुनै विदेशी मुलुक वा रोजगारदाता संस्थामा कामदार पठाउन छनोट भएको संस्था हो, होइन,

(घ) वैदेशिक रोजगारका लागि कामदार पठाउँदा लैंगिक विभेद गरे नगरेको वा १८ वर्षभन्दा कम उमेरको व्यक्ति र महिला घरेलु कामदारको हकमा २४ वर्ष नपुगेका महिलालाई वैदेशिक रोजगारमा पठाउने गरेको छ छैन,

(ङ) ऐनको दफा ८ वमोजिम पुरुष वा महिला कामदार भनी माग भएकोमा बाहेक लैङ्गिक विभेद गरेको छ, छैन,

(च) कामदारलाई व्यक्तिगत वा पर्यटकीय भिषामा वैदेशिक रोजगारमा पठाएको छ छैन, र

(छ) मन्त्रालयले समय समयमा बैदेशिक रोजगारको सम्वन्धमा गरेका नीतिगत निर्णयको पालना भएको छ छैन ।

८. **इजाजतपत्र र नवीकरण सम्वन्धी अनुगमन** : इजाजतपत्र र नवीकरण सम्वन्धी अनुगमन गर्ने कार्य देहाय बमोजिम गरिनेछ :–

(१) इजाजतपत्रवालाले ऐनको दफा ११ बमेजिम इजाजतपत्र लिएको छ, छैन, ऐनको दफा १२ र नियमावलीको नियम ८ बमोजिम नवीकरण गरेको छ, छैन तथा इजाजतपत्र नलिई कहीं कसैबाट बैदेशिक रोजगार व्यवसाय संचालन गरे, नगरेको,

(२) इजाजतपत्रवालाले पेश गरेको बैंक ग्यारेण्टी नियम ७ बमोजिम (ग्यारेण्टीको) अवधि नवीकरण गराई पेश गरे नगरेको,

(३) इजाजतपत्रवालाले ऐनको दफा ३५ को उपदफा (३) बमोजिम राखेको नगद धरौटी रकमबाट खर्च गरिएको रकम म्यादभित्र सोधभर्ना गरे नगरेको, र

(४) इजाजतपत्रवालाले संस्थाको स्वामित्व वा दायित्व हस्तान्तरण गर्दा विभागको स्वीकृति लिए नलिएको ।

९. **पूर्वस्वीकृति सम्बन्धी अनुगमन** : (१) इजाजतपत्रवालाले रोजगारदाता संस्थासँग भएको सम्झौता वा सहमतिका आधारमा ऐनको दफा १५ को उपदफा (१) बमोजिम पूर्वस्वीकृतिका लागि निम्न विवरण पेश गरे नगरेको जाँच गर्नु पर्नेछ :–

(क) रोजगारदाता संस्थाको नाम, ठेगाना, प्रमुख वा मानव संसाधन विषय हेर्ने प्रमुखको नाम, ठेगाना, फोन नं., मोवाईल नं., इमेल, वेवसाइट, विदेशी रिक्रुटमेण्ट एजेन्सी वा संस्था भए त्यसको विस्तृत विवरण र कामदार पठाउने मुलुक,

(ख) वैदेशिक रोजगारको किसिम,

(ग) कामदारको किसिम र संख्या,

(घ) कामदारले पाउने तलब, सुविधा, बीमा व्यवस्था (चौबीस घण्टा वा कार्य घण्टा) र विदा,

(ङ) कामदारले काम गर्नुपर्ने दिन र समय,

(च) वैदेशिक रोजगारमा जाने मुलुकको आधिकारिक निकाय वा कूटनीतिक नियोग वा श्रम सहचारी वा चेम्बर अफ कमर्स वा नोटरी पब्लिकबाट प्रमाणित गरिएको मागपत्र र अख्तियारनामाको सक्कल प्रति ।

(छ) रोजगारदाता संस्था र कामदारबीच हुने करारको प्रतिलिपि, र

(ज) इजाजतपत्रवाला र कामदारवीच हुने करारको प्रतिलिपि,

(२) इजाजतपत्रवालाले विभाग वा कार्यालय समक्ष पेश गरेको मागपत्रलाई निम्न आधारमा जाँच गर्नु पर्नेछ :–

(क) रोजगारदाता कम्पनीको छाप

(ख) रोजगारदाता कम्पनीको नाम, ठेगाना,

(ग) इजाजतप्राप्त व्यवसायीको सम्पर्क फोन नम्बर र ठेगाना,

(घ) वैदेशिक रोजगारको किसिम,

(ङ) कामदारको किसिम र संख्या,

(च) कामदारले पाउने तलब, सुविधा र विदा,

(छ) कामदारले प्रति सप्ताह काम गर्नुपर्ने दिन र समय (घण्टा),

(ज) करार अवधि, बस्ने खाने व्यवस्था र हवाई यातायात खर्चको व्यवस्था,

(झ) अतिरिक्त समय काम गर्नुपर्ने भए सो को विवरण, र

(ञ) विभाग वा कार्यालयबाट लिएको विगत तीन वर्षको पूर्वस्वीकृतिको विवरण ।

(३) इजाजतपत्रवालाले विभाग वा कार्यालयबाट लिएको पूर्वस्वीकृतिका आधारमा विगत तीन वर्षको वैदेशिक रोजगारमा कामदार पठाएको महिला र पुरुषको विवरणको जाँच गर्नु पर्नेछ ।

१०. **करारमा उल्लेखित विषयको अनुगमन** : (१) पूर्वस्वीकृति प्राप्त गर्न इजाजतपत्रवालाले पेश गरेको रोजगारदाता संस्था र कामदारबीच हुने करारमा उल्लेखित देहायका विषयवस्तुमा जाँचबुझ गर्नु पर्नेछ :–

(क) कामदारको व्यक्तिगत विवरण (पूरा नाम, थर र ठेगाना),

(ख) रोजगारदाताको विवरण (पूरा नाम, थर र ठेगाना),

(ग) रोजगारको किसिम,

(घ) व्यक्तिगत सम्पर्क,

(ङ) तलब,

(च) बिदा,

(छ) प्रति सप्ताह कामको दिन र अवधि (घण्टा),

(ज) करार अवधि,

(झ) खानपिन र बसोवास व्यवस्था,

(ञ) स्वास्थ्यसेवा तथा सुविधाहरु,

(ट) हवाईयात्राको खर्च कसले व्यहोर्ने,

(ठ) शुल्क लाग्ने वा नलाग्ने,

(ड) अतिरिक्त समय काम गर्नुपर्ने भए सो को विवरण,

(ढ) भिषा बापतको शुल्क लाग्ने वा नलाग्ने,

(२) पूर्वस्वीकृति प्राप्त गर्नका लागि इजाजतपत्रवालाले पेश गरेको इजाजतपत्रवाला र कामदारबीच हुने करारमा उल्लेखित विषयहरुका अतिरिक्त कामदारले इजाजतपत्रवालालाई बुझाउनु पर्ने सेवा शुल्कसहित अधिकतम रकम समेत अनुगमनकर्ताले जाँच गर्नु पर्नेछ ।

११. **विज्ञापन सम्बन्धी अनुगमन:** (१) इजाजतपत्रवालाले पूर्वस्वीकृति प्राप्त भएपछि विज्ञापन प्रकाशित गर्दा ऐनको दफा १६ बमोजिम निम्न विषय खुलाई विज्ञापन प्रकाशन गरे वा नगरेको जाँच गर्नु पर्नेछ :–

(क) विज्ञापन नेपाली भाषामा प्रकाशन भए नभएको,

(ख) कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित भए नभएको,

(ग) विज्ञापनमा कम्तिमा सात दिनको म्याद दिए नदिएको,

(घ) प्रकाशित विज्ञापनको सूचना आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गरे नगरेको, र

(ङ) प्रकाशित विज्ञापनको सूचना विभाग र कार्यालयमा पेश गरे नगरेको ।

(२) इजाजतपत्रवालाले प्रकाशन गरेको विज्ञापनमा नियम १४ बमोजिम देहायका कुराहरु खुलाइएको छ, छैन जाँच गर्नु पर्नेछ :–

(क) विज्ञापन निर्दिष्ट ढाँचा अनुसार विभागद्वारा अनुमोदित छ, /छैन,

(ख) पूर्वस्वीकृतिको नम्बर (LT No.),

(ग) इजाजतप्राप्त व्यवसायी बारेको जानकारी,

(घ) रोजगारको किसिम,

(ङ) पाउने तलब सुविधा,

(च) करार अवधि,

(छ) डाटाबेस हो भने विज्ञापन डाटाबेससँग प्रमाणित गर्ने,

(ज) इजाजतपत्रवाला संस्थाको नाम र ठेगाना,

(झ) काम गर्न जाने मुलुकको नाम,

(ञ) कामदारको किसिम र संख्या,

(ट) कामदारले तिर्नु पर्ने अधिकतम शुल्क, र

(ठ) न्यूनतम शुल्क (फ्रि भिसा फ्रि टिकट) मा पठाउने मुलुकको हकमा उक्त व्यवस्थाको पालना भएको छ छैन जाँच्ने ।

१२. **छनौट प्रकियाको अनुगमन** : (१) वैदेशिक रोजगारमा कामदार पठाउँदा पूर्वस्वीकृति प्राप्त गरी विज्ञापन प्रकाशित गरिसकेपछि इजाजतपत्रवाला समक्ष नियमावलीको अनुसूची ५ को ढाँचामा कामदारबाट निवेदन परेको छ छैन र पर्न आएका निवेदनहरुको देहायका आधारमा जाँच गर्नु पर्नेछ :–

(क) मागपत्रमा उल्लेखित योग्यता, तालिम र अनुभव,

(ख) उमेर तथा शारीरिक तन्दुरुस्ती,

(ग) निरोगिताको प्रमाणपत्र ।

(घ) दक्ष र अर्धदक्ष कामदारको हकमा सीपमूलक तालिम,

(ङ) अर्न्तवार्ताका प्रश्नहरु,

(च) नतिजा प्रकाशनमा छनौट भएका उम्मेदवारहरुको योग्यताक्रम र मागपत्रमा उल्लेख भए अनुसार छ / छैन,

(छ) छनौट भएका कामदारहरुको सूची र

(छ) निरोगिताको प्रमाणपत्र ।

(२) इजाजतपत्रवालाले ऐनको दफा १७ बमोजिम तयार गरेको छनौट सूची आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गरे नगरेको र सो को एकप्रति विभाग वा कार्यालयमा पेश गरे नगरेको जाँच गर्नु पर्नेछ ।

(३) कामदार छनौटका विषयमा अनियमितता भयो भनी इजाजतपत्रवालाको विरुद्ध उजुरी परे नपरेको र उजुरी उपर प्राप्त निर्देशनको कारवाहीको विवरण विभाग वा कार्यालयमा पेश गरे नगरेको जाँच गर्नु पर्नेछ ।

(४) इजाजतपत्रवालाले वैदेशिक रोजगारमा जान छनौट भएका व्यक्तिको राहदानी प्रवेशाज्ञाको लागि नेपाल बाहिर लैजादा विभाग वा कार्यालयको स्वीकृति लिए, नलिएको जाँच गर्नु पर्नेछ ।

१३. **श्रम स्वीकृति प्रकियाको अनुगमन** : (१) इजाजतपत्रवालाबाट छनौट भएका कामदारको प्रवेशाज्ञा प्राप्त भएपछि ऐनको दफा १९ बमोजिम श्रम स्वीकृतिको निस्सा (स्टिकर) को लागि निम्न विवरणहरु पेश भए नभएको जाँच गर्नु पर्नेछ :–

(क) अभिमुखीकरण तालिमको प्रमाणपत्र र कुनै कामको लागि सिपमूलक तालिम आवश्यक पर्ने भए त्यस्तो तालिम लिएको प्रमाणपत्र,

(ख) निरोगिताको प्रमाणपत्र,

(ग) वीमा गरेको प्रमाणपत्र,

(घ) इजाजतपत्रवाला र कामदारवीच भएको करार (नेपाली र अंग्रेजी भाषामा),

(ङ) रोजगारदाता संस्था र कामदारवीच भएको करार,

(च) कामदारले इजाजतपत्रवालालाई तिरेको रकमको रसिद वा बैङ्क भौचरको सक्कल प्रति,

(छ) छनौट भएका कामदारको सूची,

(ज) कामदारका तर्फबाट कोषमा रकम बुझाएको भरपाई,

(झ) कामदारको राहदानी र प्रवेशाज्ञाको प्रतिलिपि,

(ञ) विदेशी विमानस्थल प्रयोग गर्नु पर्ने भएमा प्रस्थान विन्दु र उडान तालिकाको विवरण, र

(ट) कामदार छनौट सम्बन्धमा परेको उजुरीमा विभागले दिएको निर्देशनको कार्यान्वयनको स्थिति,

१४. **करार सम्झौताको अनुगमन** : (१) इजाजतपत्रवालाले छनौट भएका कामदारको प्रवेशाज्ञा प्राप्त भएपछि श्रम स्वीकृतिको निस्सा (स्टिकर) को लागि पेश गरेको इजाजतपत्रवाला र कामदारबीच भएको करार तथा रोजगारदाता संस्था र कामदारबीच भएको करारमा उल्लेखित विवरणहरु पूर्वस्वीकृति प्राप्त गर्न पेश भएको विवरणसँग दुरुस्त भए नभएको जाँच गर्नु पर्नेछ ।

(२) नेपाल सरकारको नीति अनुरुप कामदार तथा इजाजतपत्रवाला बीच विभाग वा काठमाडौं कार्यालयको रोहवरमा त्रिपक्षीय करार हुने भनी तोकिएको देशमा कामदार पठाउँदा त्रिपक्षीय करार भए नभएको विषयमा जाँच गर्नु पर्नेछ ।

(३) इजाजतपत्रवालाले पूर्वस्वीकृतिका लागि पेश गरेको विवरणसँग श्रम स्वीकृतिको निस्सा (स्टिकर) को लागि पेश गरेको विवरण फरक भै विभाग वा कार्यालयले वैदेशिक रोजगारमा कामदार पठाउन रोक लगाएको अवस्था रहे नरहेको विषयको जाँच गर्नु पर्नेछ ।

१५. **वैदेशिक रोजगारीमा पठाउने अवधि र अन्य व्यवस्थाको अनुगमन** : (१) श्रम स्वीकृतिको निस्सा (स्टिकर) प्राप्त भैसकेपछि इजाजतपत्रवालाले सम्बन्धित मुलुकमा प्रवेश गर्ने अवधि किटान भएकोमा सो अवधिभित्र र किटान नभएकोमा तीन महिनाभित्र सम्बन्धित कामदारलाई वैदेशिक रोजगारमा पठाए नपठाएको बारे जाँच गर्नु पर्नेछ ।

(२) कामदार जाने मुलुकमा प्रवेश गर्ने अवधि किटान भएकामा सो अवधि र अवधि किटान नभएकोमा तीन महिनाभित्र इजाजतपत्रवालाले कामदारलाई वैदेशिक रोजगारमा पठाउन सके नसकेकोमा कामदारबाट बुझेको रकम र बीस प्रतिशत ब्याज सहित तीस दिनभित्र फिर्ता दिए नदिएको चेकजाँच गर्नु पर्नेछ ।

(३) प्रवेशाज्ञा प्राप्त भैसकेपछि कामदार वैदेशिक रोजगारमा नगएको वा जान असमर्थ भई नगएमा इजाजतपत्रवालाले प्रवेशाज्ञा शुल्क कट्टा गरी रकम फिर्ता गरे नगरेको विवरण जाँच गर्नु पर्नेछ ।

(४) पूर्वस्वीकृति भन्दा फरक शर्तका कारण कामदारले वैदेशिक रोजगारमा जान इन्कार गरेको भएमा इजाजतपत्रवालाले सो कामदारको सम्पूर्ण रकम फिर्ता गरे नगरेको जाँच गर्नु पर्नेछ ।

(५) इजाजतपत्रवालाले व्यक्तिगत रुपमा कामदार पठाए नपठाएको बारेमा जाँचबुझ गर्नु पर्नेछ ।

(६) श्रम स्वीकृतिको निस्सा लगाई सकेपछि इजाजतपत्रवालाले विभाग वा कार्यालयबाट सो निस्सा रद्द गराई सो स्थानमा छनौट भएको अर्को कामदारलाई विभाग वा कार्यालयबाट श्रम स्वीकृतिको निस्सा दिएको भए सो विवरण जाँच गर्नु पर्नेछ ।

(७) इजाजतपत्रवालाले कामदार पठाउदा स्वदेशी विमानस्थलको प्रयोग गरे नगरेको, नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक पाउने गरी कामदार पठाए नपठाएको र नेपाल सरकारले तोकेको सेवा शुल्क र प्रवर्द्धन खर्चभन्दा बढी लिने गरे नगरेको जाँच गर्नु पर्नेछ ।

(८) कामदारको राहदानी इजाजतपत्रवाला संस्थाको संचालक वा आधिकारिक कर्मचारीले मात्र बुझ्ने व्यवस्था मिलाए नमिलाएको, राहदानी बुझेको भर्पाई राखे नराखेको, राहदानी बुझ्दा देश, कम्पनी, काम खुलेको अभिलेख राखे नराखेको र अनाधिकृत राहदानी राखे नराखेको जाँच गर्नुपर्ने छ ।

(९) कामदारको नाममा प्रवेशाज्ञा प्राप्त भैसकेपछि इजाजतपत्रवालाले त्यस्तो कामदारलाई वैदेशिक रोजगारीमा पठाउन ढिलासुस्ती वा इन्कार गरे नगरेको ।

१६. **वीमा सम्बन्धी व्यवस्थाको अनुगमनः** (१) इजाजतपत्रवालाले वैदेशिक रोजगारमा कामदार पठाउँदा एनेको दफा २६ बमोजिम मान्यताप्राप्त विमा कम्पनीबाट कामदारको वीमा गराए नगराएको जाँच गर्नु पर्नेछ ।

(२) इजाजतपत्रवालाले कामदारसँग गरेको करारभन्दा भिन्न कम्पनी वा काममा लगाएको कारण वीमा सम्वन्धी प्रिमियम र दायित्वमा फरक पर्न गएमा सो को दायित्व इजाजतपत्रवालाले व्यहोर्नु पर्ने हुँदा सो बारे जाँचबुझ गर्नु पर्नेछ ।

(३) कामदारको करार अवधि समाप्त भैसकेपछि इजाजतपत्रवालाको सिफारिशमा करार अवधि र प्रवेशाज्ञाको म्याद थप भएकोमा सो अवधिको बिमा सम्बन्धी दायित्व इजाजतपत्रवालाले ब्यहोर्नुपर्ने भएकोले सो को जाँच गर्नुपर्ने छ ।

१७. **न्यूनतम पारिश्रमिक, सेवा शुल्क र प्रवर्द्धन खर्चको अनुगमनः** (१) कामदारले पाउने न्यूनतम पारिश्रमिक सम्बन्धमा नेपाल सरकारले तोकेको मुलुकमा इजाजतपत्रवालाले सो पारिश्रमिकभन्दा कम पारिश्रमिक पाउनेगरी कामदार पठाएको छ छैन भन्ने विषयमा जाँच गर्नुपर्नेछ ।

(२) नेपाल सरकारले कुनै खास मुलुक वा कम्पनीको लागि प्रतिकामदार लिन पाउने सेवा शुल्क र प्रवर्द्धन खर्च तोकेकोमा इजाजतपत्रवालाले सो रकमभन्दा बढी रकम लिएको छ छैन जाँच गर्नुपर्नेछ ।

(३) इजाजतपत्रवालाले बैदेशिक रोजगारमा कामदार पठाए बापत के कुन माध्यमबाट के कति रकम सेवा शुल्क वा प्रवर्द्धन खर्च लिएको छ र सो रकम बुझिलिएको भर्पाइ दिएको छ छैन जाँच गर्नुपर्नेछ ।

(४) इजाजतपत्रवालाका शाखा तथा प्रतिनिधिले कामदारबाट रकम लिए नलिएको जाँच गर्नुपर्ने छ ।

(५) इजाजतपत्रवाला संस्थाको कार्यालय संचालनको अनुगमनगर्दा कर्मचारीको परिचयपत्र, कार्यालय समय, सूचना प्रणाली,नागरिक वडापत्र, आर्थिक कारोवारका विन्दुहरु, लेखा प्रणाली, कामदार छनौट स्थल र छनौट विधि जस्ता विषयहरुको अनुगमन गर्नु पर्नेछ ।

१८. **तालिम दिने संस्था, शाखा तथा प्रतिनिधि(एजेन्ट) नियुक्तिको अनुगमनः** (१) इजाजतपत्रवालाको आफ्नै सीपमूलक तालिम दिने संस्था तथा अभिमुखीकरण तालिम दिने संस्था भए नभएको र नभएको अवस्थामा इजाजतपत्रवालाले सीप तथा अभिमुखीकरण तालिमका लागि गर्ने गरेको व्यवस्थापनको जाँच गर्नुपर्ने छ ।

(२) इजाजतपत्रवालाले स्वदेश तथा विदेशमा शाखा तथा प्रतिनिधि राखे नराखेको बारेमा विवरण जाँच गर्नुपर्नेछ । यसरी जाँच गर्दा शाखा बन्द गर्दा तथा प्रतिनिधि हटाउँदा इजाजतपत्रवालाले हिसाव किताव फरफारक गरेको जानकारी विभागलाई दिने गरे वा नगरेको समेत हेर्नु पर्नेछ ।

(३) इजाजतपत्रवालाले विभागको अनुमति लिई नियुक्ति गरेका प्रतिनिधिको नाम, थर, र वतन खुल्नेगरी प्रत्येक बर्ष राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरे नगरेको बारेमा जाँच गर्नुपर्ने छ ।

१९. **करारको दायित्व तथा उजुरी सम्बन्धी अनुगमनः** (१) रोजगारदाता संस्थाले करारको दायित्व पूरा नगरेको वा इजाजतपत्रवालाले करारमा उल्लेखित शर्त पूरा गराउन आवश्यक र उपयुक्त कारवाही नगरेका कारणले इजाजतपत्रवाला विरुद्ध परेका उजुरीहरुको विवरण जाँच गर्ने र सो बारेमा विभागले दिएको निर्देशनको पालनाको अवस्था समेत जाँच गर्नुपर्नेछ।

(२) करारको दायित्व पूरा नभएवाट कामदारलाई स्वदेश फिर्ता गर्न आवश्यक देखिएमा सो का लागि चाहिने रकम उपलब्ध गराउन इजाजतपत्रवालालाई विभागले दिएको आदेशको पालना भए नभएको विवरण जाँच गर्नुपर्ने छ ।

(३) कामदारलाई स्वदेश फिर्ता गर्न लाग्ने रकम इजाजतपत्रवालाको धरौटीबाट कट्टा गरीएकोमा सो धरौटी रकम सोधभर्नाको अवस्थाको जाँच गर्नुपर्नेछ ।

(४) इजाजतपत्रवाला विरुद्ध विभागमा परेका उजुरीहरु र ती उजुरीको फछ्र्यौट वा सम्बोधनको स्थिति बारेमा जाँच गर्नुपर्ने छ ।

(५) इजाजतपत्रवाला विरुद्ध सम्झौतामा तोकिए अनुसारको शर्त बमोजिम रोजगार उपलब्ध नगराएको भनी बैदेशिक रोजगारमा जान लागेको खर्चको क्षतिपूर्ति भराई पाउन विभाग समक्ष परेका उजुरी र सो उपर विभागले दिएको आदेशको विवरण र कार्यान्वयन अवस्थाको जाँच गर्नुपर्नेछ ।

(६) इजाजतपत्रवालालाई बैदेशिक रोजगारका सम्बन्धमा नेपाल सरकारले दिएका निर्देशनहरु र सो को पालनाको अवस्थाबारे जाँच गर्नुपर्ने छ ।

२०. **इजाजतपत्रवालासँग सम्बन्धित अन्य विषयः** (१) इजाजतपत्रवालाले विदेशस्थित नियोग वा श्रम सहचारीसँग कामदारको हक अधिकार र उद्धारको निम्ति आवश्यक प्रयास र समन्वय तथा ती निकायबाट प्राप्त निर्देशन पालना गरे नगरेको जाँच गर्नुपर्ने छ ।

(२) करार बमोजिम सुविधा नपाएको कारण कामदार स्वदेश फिर्ता हुनुपर्ने अवस्था आएमा इजाजतपत्रवालाले त्यस्तो कामदारलाई स्वदेश फिर्ता गराए नगराएको बारेमा जाँच गर्नुपर्ने छ ।

(३) नेपाल सरकारले इजाजतपत्रवालालाई प्रशंसापत्र सहित पुरस्कृत गरेको भए सो विषय र बैदेशिक रोजगार व्यवसाय संचालन गर्ने सिलसिलामा विदेशी मुद्राको कारोवार गर्दा दिएको सुविधाको समेत अनुगमन गर्नुपर्ने छ ।

(४) इजाजतपत्रवालाले बैदेशिक रोजगारमा गएका कामदार प्रवेशाज्ञाको म्याद सकिएपछि स्वदेश नफर्केमा निजलाई स्वदेश फर्काउने दायित्व पूरा गरे नगरेको विषयको जाँच गर्नुपर्ने छ ।

(५) इजाजतपत्रवालाले नियममावलीको अनुसूची ६ को ढाँचामा बैदेशिक रोजगारमा पठाएका कामदारको अभिलेख राखे नराखेको र आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र नियम ५१ बमोजिमको विवरण खुल्नेगरी विभागमा बार्षिक प्रतिवेदन पेश गरे नगरेको जाँच गर्नुपर्नेछ ।

(६) इजाजतपत्रवालाले पूर्वस्वीकृतिमा उल्लेख भएभन्दा बढी शुल्क लिए नलिएको जाँच गर्नुपर्ने छ ।

(७) इजाजतपत्रवालाले अनधिकृत प्रतिनिधिबाट काम गराए नगराएको र शाखा र प्रतिनिधि भए नभएको, भए सो को विवरणको समेत जाँच गर्नुपर्ने छ ।

(८) इजाजतपत्रवाला संस्थाको आयकर दर्ता प्रमाणपत्र, लेखा परीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्र समेतको जाँच गर्नुपर्ने छ ।

## परिच्छेद - ४
## अभिमुखीकरण तालिमप्रदायक संस्थाको अनुगमन

२१. **अनुमति तथा नवीकरणः** (१) तालिमप्रदायक संस्थाले बैदेशिक रोजगारमा जाने कामदारहरुलाई अभिमुखीकरण तालिम प्रदान गर्न ऐनको दफा २८ बमोजिम विभागबाट अनुमतिपत्र प्राप्त गरे नगरेको जाँच गर्नुपर्ने छ ।

(२) तालिमप्रदायक संस्थाले प्राप्त गरेको अनुमतिपत्रको नवीकरण प्रत्येक आर्थिक बर्षको असार मसान्तभित्र गराए नगराएको जाँच गर्नुपर्ने छ ।

(३) तालिमप्रदायक संस्थाले नियम २३ को उपनियम (२) र (४) बमोजिम नवीकरण नगराई अनुमतिपत्र रद्ध भएको अवस्थामा अभिमुखीकरण तालिम संचालन गरे नगरेको बारेमा अुनगमन गर्नुपर्ने छ ।

२२. **पूर्वाधार, जनशक्ति र साधन स्रोतको अवस्था** : (१) तालिमप्रदायक संस्थाको लागि बोर्डले निर्धारण गरे अनुसारको पूर्वाधार, जनशक्ति र साधन स्रोत पर्याप्त भए नभएको जाँच गर्नुपर्ने छ ।

(२) तालिमप्रदायक संस्थाको संचालकको योग्यता, प्रशिक्षकको योग्यता तथा एउटा संस्थामा मात्र काम गर्ने प्रतिवद्धतापत्र लगायतका विषयमा जाँच गर्नुपर्ने छ ।

२३. **अभिमुखीकरण तालिमको पाठ्यक्रमः** (१) तालिमप्रदायक संस्थाले बोर्डले निर्धारण गरेको पापठ्यक्रम लागू गरे वा नगरेको र स्तर निर्धारण सम्बन्धी विषयमा जाँच गर्नुपर्नेछ ।

(२) तालिमप्रदायक संस्थाले दिने अभिमुखीकरण तालिमको पाठ्यक्रममा देहायका विषय समावेश गरे नगरेको बारे जाँचबुझ गर्नुपर्ने छ :–

(क) नेपालको बैदेशिक रोजगार सम्बन्धी कानून,

(ख) जाने मुलुकको भौगोलिक स्थिति, संस्कृति, रहनसहन, आर्थिक, धार्मिक, सामाजिक र राजनीतिक अवस्था,

(ग) जाने मुलुकको भाषा,

(घ) जाने मुलुकको श्रम कानून, अध्यागमन कानून तथा ट्राफिक नियम,

(ङ) एड्स, यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी विषय र सरुवा रोग,

(च) व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी,

(छ) सहज र सुरक्षित यात्रा सम्बन्धी,

(ज) कामदारको आचरण, व्यबहार र सुरक्षा सम्बन्धी,

(झ) कमाएको आय सरल, सहज र सुरक्षितरुपमा नेपाल पठाउने सम्बन्धी ।

२४. **अभिमुखीकरण तालिम लिएको अभिलेख र विवरण :** (१) अभिमुखीकरण तालिमप्रदायक संस्थाले अभिमुखीकरण तालिम प्रदान गर्नुअघि तालिम लिने व्यक्तिको नामावली ती प्रशिक्षार्थीहरु पठाउने इजाजतपत्रवाला संस्था वा अन्य भए सोही व्यहोरा खुलाई प्रशिक्षकको नाम, थर, ठेगाना र निजलाई दिईने पारिश्रमिक समेत खोली विभाग, वोर्ड र कार्यालयमा पेश गर्नुपर्नेमा सो गरे नगरेको जाँच गर्ने ।

(२) तालिमप्रदायक संस्थाले अभिमुखीकरण तालिम लिएका व्यक्तिहरुको हाजिरी विवरण विभाग वा कार्यालय समक्ष पेश गरे नगरेको जाँच गर्नुपर्ने छ ।

(३) तालिमप्रदायक संस्थाले आषाढ मसान्तभित्र अघिल्लो आर्थिक बर्षको प्रगति र संस्थाको भौतिक, वित्तीय र जनशक्तिको विवरण पेश गरे नगरेको जाँचबुझ गर्नुपर्ने छ ।

(४) अभिमुखीकरण तालिम संचालन गर्ने संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यबिधि,२०७१ को खण्ड (११) अनुसार समेत तालिमप्रदायक संस्थाको देहाय बमोजिम नियमित अनुगमन गरिनेछ :–

(क) वोर्डले मन्त्रालय र विभागका प्रतितिधि समेत रहेको टोली गठन गर्ने,

(ख) सम्भव भएसम्म सबै व्याचको अनुगमन गर्ने,

(ग) अनुगमन प्रतिवेदन अनुसूची ४ बमोजिम गरी बोर्डमा पेश गर्ने र वोर्डले पाठ्यक्रम अनुसार पठनपाठन गरे नगरेको यकिन गरी प्रतिवेदनको कैफियत अनुसार प्रशासनिक र अन्य कारवाहीको लागि विभागमा पठाउने समेतको कार्य गर्ने,

(घ) विभाग र वोर्डले अनुगमन गरी गरेको कारवाहीका विवरण मन्त्रालयमा पेश गर्नुपर्ने,

(ङ) मन्त्रालयले वोर्डबाट गरिएको अनुगमन तथा तालिमप्रदायक संस्थाको समग्र पक्षको अनुगमन गरी वोर्ड र विभागले गरेको काम कारवाहीको समेत बिश्लेषण गरी आवश्यक निर्देशन दिन सक्ने ।

(५) तालिमप्रदायक संस्थाको नियमित अनुगमन गर्नका लागि देहाय बमोजिम तीन वटा अनुगमन टोली गठन गर्न सकिनेछ :

(क) मन्त्रालयको उपसचिवको संयोजकत्वमा वैदेशिक रोजगार बिभागका शाखा अधिकृत र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सहायक निर्देशक रहने ।

(ख) वैदेशिक रोजगार विभागको महानिर्देशक स्वयं वा निजको आदेशमा निर्देशक रहने टोलीको संयोजकत्वमा श्रम तथा रोजगार मन्त्रालयको शाखा अधिकृत र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सहायक निर्देशक रहने ।

(ग) वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको निर्देशकको संयोजकत्वमा श्रम तथा रोजगार मन्त्रालयको शाखा अधिकृत र वैदेशिक रोजगार बिभागको शाखा अधिकृत रहने ।

(६) माथी उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैदेशिक रोजगार विभागले आफ्नै कर्मचारी मात्र खटाई नियमित अनुगमन गर्न कुनै बाधा पुग्ने छैन ।

(७) अनुगमन टोलीले अभिमुखीकरण तालिम संचालन गरेको प्रशिक्षण कार्यको अनुगमन प्रतिवेदन अनुसूची ४ बमोजिम सोही दिन र सो संभव नभए सोको भोलिपल्ट मन्त्रालय, विभाग र बोर्डमा पेश गर्नुपर्दछ । अनुगमनबाट देखिएका कैफियतहरु प्रतिवेदनमा उल्लेखि गरी कारबाहीको लागि तत्काल विभागमा पठाउनु पर्नेछ ।

(८) अनुगमन टोलीले अनुगमनका क्रममा दिएको सुझाव तथा निर्देशनको पालना गर्नु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ। तर त्यस्तो अनुगमनबाट देखिएका विषयमा दिइएका सुझवहरु यथाशिघ्र विभाग र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२५. **अभिमुखीकरण अवधि र तालिम शुल्क** : (१) तालिमप्रदायक संस्थाले बोर्डले निर्धारण गरे अनुसारको समयावधि र पाठ्यक्रम अनुसार तालिम संचालन गरे नगरेको जाँच गर्नु पर्नेछ।

(२) तालिम दिए बापत अभिमुखीकरण तालिम दिने संस्थाले लिने तालिम शुल्कको पनि अनुगमन गर्नु पर्नेछ।

२६. **तालिम संचालन र कारवाहीः** (१) तालिमप्रदायक संस्थाले विभाग वा कार्यालयमा पेश गरेको नामावली अनुसारका व्यक्तिहरुलाई अभिमुखीकरण तालिम दिए नदिएको अनुगमन गर्नुपर्ने छ। यसरी अनुगमन गर्दा प्रशिक्षार्थीको पासपोर्ट वा अन्य परिचय र ठेगाना खुल्ने कागजात समेत जाँच गर्नुपर्ने छ।

(२) नियमावलीको नियम २३ को (६) बमोजिम कारवाहीमा परी निलम्बन भएका तालिम प्रदायक संस्थाहरुले सो अवधिमा तालिम कार्यक्रम संचालन गरे नगरेको बारेमा अनुगमन गर्नुपर्ने छ।

(३) तालिमप्रदायक संस्थाले अभिमुखीकरण तालिम दिएका कामदारको नामावली सहितको विवरण जाँच गर्नु पर्नेछ।

(४) तालिमप्रदायक संस्थाले ठाउँसारी गर्दा विभागको पूर्वस्वीकृति लिए नलिएको जाँच गर्नुपर्ने छ।

(५) अभिमुखिकरण तालिम दिने संस्थाको अनुगमनको सिलसिलामा ऐन, नियम, निर्देशिका, कार्यविधि र सो अनुसार दिइएको निर्देशनको पालना भए गरेको नपाइएमा विभागले देहाय अनुसार कारबाही एवं सजाय गर्नेछ :–

(क) मापदण्ड अनुसारको पूर्वाधार, प्रशिक्षक, पाठ्यक्रम र निर्देशन पालना नगरेको पाइएमा प्रथम पटक बढिमा १५ दिनको समय दिई सुधार गर्न लगाउने र सो अवधिसम्म कारोवार रोक्का गर्ने।

(ख) अनुगमनका क्रममा प्रशिक्षार्थीहरुको अनुपस्थिति ८० प्रतिशतभन्दा माथि भएमा उपस्थितिको संख्या प्रमाणित गरी ६ महिनासम्म निलम्बन गरी कारोवार रोक्का गर्ने।

(ग) ५० प्रतिशत भन्दा बढी ८० प्रतिशतसम्म प्रशिक्षार्थी अनुपस्थित भएको पाइएमा उपस्थितको हाँजिरी प्रमाणित गरी ४ महिनासम्म निलम्बन गरी कारोवार रोक्का गर्ने।

(घ) ५० प्रतिशतभन्दा कम २० प्रतिशतसम्म प्रशिक्षार्थी अनुपस्थिती भएको पाइएमा उपस्थितीको हाजिरी प्रमाणित गरी २ महिनासम्म निलम्बन गरी कारोवार रोक्का गर्ने।

(ङ) तालिम दिने दुई दिनमध्ये पहिलो दिनको हकमा २० प्रतिशत र दोश्रो दिन ५ प्रतिशत भन्दा बढी प्रशिक्षार्थी अनुपस्थित भएको पाइएमा उपस्थितिको हाजिरी प्रमाणित गरी २ (दुई) महिनासम्म निलम्बन गरी कारोबार रोक्का गर्ने।

(च) उल्लेखित व्यवस्था अनुसार एक वर्षमा खण्ड (ख) र खण्ड (ग) अनुसारको कसुर दोहोरिएमा सो खण्डमा उल्लेखित सजायको दोव्वर सजाय गर्ने। सोहि कार्य तेश्रो पटकसम्म दोहोरिएमा इजाजतपत्र रद्द गर्नको लागि कानून अनुसार कारबाही प्रक्रिया अगाडि बढाउने।

(छ) नक्कली प्रशिक्षार्थी राखी तालिम संचालन गरेको पाइएमा ँ संस्था र नक्कली प्रशिक्षार्थी पठाउने इजाजत पत्रवाला संस्था समेतलाइ एक महिनासम्म निलम्वन गरी कारोबार रोक्का गर्ने।

(ज) खण्ड (घ) अनुसारको कसुर एक वर्षभित्र पुन दोहोरिएमा सो खण्डमा उल्लेखित सजायको दोव्वर सजाय गर्ने र सोहि कसुर तेश्रो पटकसम्म दोहोरिएमा ६ महिनासम्म निलम्बन गरी कारोबार रोक्का गर्ने।

२७. **अभिमुखीकरण तालिमप्रदायक संस्थासँग सम्बन्धित अन्य विषयको अनुगमन** : (१) तालिम दिने संस्थाको सेयर हस्तान्तरण प्रमाणपत्र, भाडाको घरमा तालिम वा संस्था संचालन भएकोमा २ बर्षको घरभाडा सम्झौता र बार्षिक विवरण बुझाए नबुझाएको जाँच गर्नुपर्ने छ।

(२) तालिमप्रदायक संस्थाको आयकर दर्ता प्रमाणपत्र, लेखा परीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्र समेतको जाँच गर्नुपर्ने छ ।

## परिच्छेद - ५
## शाखा तथा प्रतिनिधिको अनुगमन

२८. **इजाजतपत्रवाला जिम्मेवार हुने** : ऐनको दफा ७४ बमोजिम विभागको स्वीकृति लिई इजाजतपत्रवालाले खोलेको शाखा वा नियुक्त गरेका प्रतिनिधिले गरेका काम कारबाहीको जिम्मेवारी इजाजतपत्रवालाको नै हुनेछ ।

२९. **शाखाको अनुगमन** : (१) शाखा खोल्नका लागि ऐनको दफा ७४ र नियमावलीको नियम ४७ बमोजिम विभागको स्वीकृति प्राप्त गरे नगरेको जाँच गर्नुपर्ने छ ।

(२) शाखाको भौतिक पूर्वाधार तथा जनशक्तिको अवस्था र ती कर्मचारीलाई इजाजतपत्रवालाले दिएको नियुक्तिपत्र वा परिचयपत्र समेतको जाँच गर्नुपर्ने छ ।

(३) शाखा संचालन गर्न विभागले तोकिदिएको शर्त तथा इजाजतपत्रवालाले लिखित रुपमा दिएको जिम्मेवारी पूरा गरे नगरेको वा कुनै किसिमको गैरकानूनी काम गरे नगरेको बारेमा चेकजाँच गर्नुपर्ने छ ।

(४) शाखाले संकलन गरेका राहदानीको विवरण, राहदानी इजाजतपत्रवालाको कार्यालयमा पठाएको विवरण, विज्ञापन प्रकाशन गरे नगरेको, आवेदन संकलन र अन्तरवार्ता संचालन गरे नगरेको विवरण कागजातहरुको चेक जाँच गर्नुपर्ने छ ।

(५) शाखाले बैदेशिक रोजगारमा पठाउने भनी कुनै व्यक्तिसँग रकमको लेनदेन वा आर्थिक कारोवार गरे नगरेको वा  मन्त्रालयले समय समयमा गरेको निर्णयभन्दा वढी रकम कामदारसँग उठाउने गरेको छ छैन सो समेत जाँच गर्ने ।

(६) शाखाले बैदेशिक रोजगारमा जाने व्यक्तिको स्वास्थ्य परीक्षण स्थानीय स्तरमा गर्ने गरे नगरेको र गर्ने गरेको भए त्यस्तो स्वास्थ्य परीक्षण सूचीकृत स्वास्थ्य संस्थाबाट भए नभएको कुराको जाँच गर्नु पर्ने छ ।

३०. **प्रतिनिधिको अनुगमन** : (१) ऐनको दफा ७४ र नियमावलीको नियम ४८ बमोजिम विभागको अनुमति लिई प्रतिनिधि नियुक्त भए नभएको र विभागले दिएको अनुमतिपत्रको समेत जाँच गर्नुपर्ने छ ।

(२) प्रतिनिधि नियुक्त भएको व्यक्तिलाई इजाजतपत्रवालाले शर्त तोकी जिम्मेवारी दिए नदिएको र सो अनुसार प्रतिनिधिले काम गरे नगरेको जाँच गर्नुपर्ने छ ।

(३) प्रतिनिधिलाई इजाजतपत्रवालाले नियुक्तिपत्र र परिचयपत्र दिए नदिएको र सो परिचयपत्र प्रत्येक बर्ष नवीकरण गरे नगरेको जाँच गर्नु पर्नेछ ।

